सम्पर्क नं. ९८५४०२००६३
ईमेल : addprov2dhanusha@gmail.com
वेवसाईट: add.p2.gov.np

प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

नक्टाझिज, धनुषा

पत्र संख्या २०७७/०७८
चलानी नम्बर ४२८

मिति २०७७/१२/०४

**विषयः- सूचना टाँस गरिदिने सम्वन्धमा ।**

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. २, धनुषा ।
श्री कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, नक्टाझिज, धनुषा ।
श्री कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, नक्टाझिज, धनुषा ।
श्री माटो तथा मल परिक्षण प्रगोगशाला, राजविराज, सप्तरी ।
श्री उष्ण प्रदेशिय वागवानी विकास केन्द्र, जनकपुरधाम, धनुषा ।
श्री बिउ विजन प्रयोगशाला, ~~राजविराज, सप्तरी~~ ।जलेश्वर, महोत्तरी
श्री वाली संरक्षण प्रयोगशाला, सिराहा ।
श्री कृषि ज्ञान केन्द्र, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा ।

उपरोक्त विषयमा यस निर्देशनालयवाट मिति २०७७/१२/०४ मा प्रकाशित भएको साझेदारीमा कार्यक्रम संचालन सम्वन्धी सूचना यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सो को जानकारी पठाई दिनुहुन अनुरोध छ ।

डा. रत्न कुमार झा
निमित्त प्रमुख

प्रदेश सरकार

प्रदेश नं. २

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## कृषि विकास निर्देशनालय

नक्टाझिज, धनुषा

# साझेदारीमा कार्यक्रम संचालन सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७/१२/०४**

यस निर्देशनालयको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं २ को "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" बमोजिम देहायका कार्यक्रम उल्लेखित न्यूनतम लागत साझेदारीमा संचालनको लागि २०७७/१२/१८ गते कार्यालय समय भित्र यस निर्देशनालयमा आई पुग्ने गरी खामबन्दी प्रस्ताब/आवेदन पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ। कार्यक्रमको संख्या माग र वजेट उपलव्धता अनुसार थप हुन सक्नेछारित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताब छनौटका लागि समाबेश हुने छैन। यस संग सम्वन्धित विस्तृत सुचना/जानकारी र प्रस्ताव/आवेदन पत्र यस निर्देशनालयको वेभसाईट add.p2.gov.np तथा यस निर्देशनालयको Android app DoadP2 वाट प्राप्त गर्न सकिनेछ।

| क्र. सं. | कार्यक्रमको नाम | लक्ष्य | न्युनतम साझेदारी | साझेदारको किसिम तथा अनुदान सिमा |
|---|---|---|---|---|
| १ | निजि, सार्बजानिक तथा सहकारीको साझेदारीमा सोलर पम्प जडान | १० वटा | १५ प्रतिशत | स्यालो ट्यूववेल जडान गराई सकेका वा ईनार/पोखरी भएक र सोवाट सिंचाई हुन सक्ने सुनिश्चित भएका ईच्छुक कृषक/कृषक समुह/ सहकारी संस्था / कृषि उत्पादनमा संग्लन निजी फर्म/उद्यमी |
| २ | कृषि सडक निर्माण | २० वटा | १५ प्रतिशत | नेपाल सरकारको नियमानुसार वाटो प्रमाणित रहेको जग्गमा कम्तिमा १३ फिट देखि अधिकतम २४ फिट सम्म चौडाइ भएको माटो र ग्रेभल वाटो निर्माण गर्न ईच्छुक स्थानिय तह / उपभोक्ता समिति / कृषि उत्पादनमा संग्लन निजी फर्म/उद्यमी |
| ३ | कृषि विद्युतिकरण | १ पटक | १५ प्रतिशत | विद्युत आपूर्ति गर्ने प्रसारण लाईनको लागि तार, पोल, लगायत ट्रान्सफर्मर जस्ता यन्त्र उपकरण जडान र संयचालन ईच्छुक स्थानिय तह / उपभोक्ता समिति / कृषि उत्पादनमा संग्लन निजी फर्म/उद्यमी |
| ४ | निजी, सार्वजनिक, सहकारीको साझेदारीमा प्रागरिक तथा जैविक मल करखाना स्थापना तथा संचालन | ३ | ५० प्रतिशत | प्रागरिक वा जैविक मल उत्पादनमा संलग्न ईच्छुक सहकारी संस्था वा फर्म/उधमी , अधिकतम रु पच्चिस लाख |
| ५ | निजी, सार्वजनिक, सहकारीको साझेदारीमा टमाटर क्याचअप तथा फलफूल प्रशोधन उधोग स्थापना | ३ | ५० प्रतिशत | फलफूल/तरकारी प्रशोधनमा संलग्न ईच्छुक सहकारी संस्था वा निजी फर्म/उद्यमी, अधिकतम रु पच्चिस लाख |
| ६ | धान प्रोसेसिङ्ग, आधुनिक मिलिङ्ग, प्याकेजिङ्ग, ब्रान्डिङ्ग-फाइन राइस उधोगको पूर्वाधार निर्माण तथा सुदृढिकरण | १० | ५० प्रतिशत | धान प्रोसेसिङ्गमा संलग्न सहकारी संस्था, निजी फर्म/उद्यमी, अधिकतम रु पांच लाख |

**नोट**:- वढी लागत साझेदारी प्रस्ताव गर्नेलाई प्राथमिकता दिईने छ।